# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, चैत २६ गते, २०८२ साल (संख्या १५

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश सवारी साधन खरिद तथा प्रयोग सम्बन्धी निर्देशिका, २०८२</u>



प्रदेश सरकारका निकायले खरिद गर्ने जुनसुकै प्रकृतिका सवारी साधन गुणस्तरीय, मितव्ययी एवम् पारदर्शी ढङ्गले खरिद गर्ने, सवारी साधन खरिद र प्रयोगमा एकरूपता कायम गर्ने एवम् सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीका लागि पद अनुसारको सवारी साधनको वर्गीकरण गरी सवारी साधनको खरिद तथा उपयोगलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ को अनुसूची २(३) को बुदा.नं. ७ र १० मा उल्लिखित कार्य जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "सुदूरपश्चिम प्रदेश सवारी साधन खरिद तथा प्रयोग सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका सुदूरपश्चिम प्रदेशभर तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "प्रदेश सरकारका निकाय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश सरकार

मातहतका सबै निर्देशनालय एवम् कार्यालय र सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान समेतलाई जनाउँछ।

(ख) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "सवारी साधनको सुविधा पाउने पदाधिकारी" भन्नाले मुख्यमन्त्री, प्रदेश सभाका सभामुख, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक/सभापति, सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतक, प्रमुख सचिव, प्रदेश सभाको सचिव, प्रदेश सचिव, अधिकृत एघारौं तहको पदमा कार्यरत कर्मचारीलाई जनाउँछ। सो शब्दले प्रचलित कानूनले सवारी साधनको सुविधा पाउने गरी तोकेका सम्पूर्ण पदाधिकारी समेतलाई जनाउँछ।





(ङ) "सवारी साधन" भन्नाले यान्त्रिक शक्तिबाट सञ्चालन हुने कुनैपनि प्रकृतिको सवारी साधन सम्झनु पर्छ।

३. <u>सवारी साधनको खरिद प्रक्रिया:</u> (१) प्रदेश सरकारका कुनैपनि निकायका लागि सवारी साधन खरिद गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम सवारी साधन खरिद गर्ने प्रयोजनका लागि रकमान्तर वा बजेट थप सम्बन्धी कार्य गरिने छैन।

४. <u>सवारी साधनको मूल्य:</u> (१) सवारी साधन खरिद गर्ने प्रयोजनका लागि सवारी साधन प्रयोग गर्ने पदाधिकारीको वर्गीकरण र कार्यालयको प्रयोजनको लागि सवारी साधनको खरिद मूल्य देहाय बमोजिम हुनेछ र सो मूल्य ननाघ्ने गरि सवारी साधन खरिद गरिनेछः-

| वर्ग | सवारी साधनको मूल्य | प्रकार | क्षमता |
|---|---|---|---|
| क. | बढिमा रु. १ करोड २५लाख | जीप | |
| ख. | बढिमा रु. १ करोड | जीप | |
| ग. | बढिमा रु. ८० लाख | जीप | |
| कार्यलय प्रयोजन | बढिमा रु. ५५ लाख | जीप/कार/ पिक अप | |

| | | | |
|---|---|---|---|
| | बढिमा रु. ३ लाख ५० हजार | मोटरसाइकल | बढिमा १६० सी.सी. |
| | बढिमा रु. ३ लाख | स्कुटर | बढिमा १२५ सी.सी. |

(२) अति विशिष्ट पदाधिकारीहरुको प्रयोजनको लागि सवारी साधन खरिद गर्दा उपदफा (१) बमोजिमको सवारी साधनको मूल्यको अधिकतम सीमा लागू हुने छैन।

(३) सवारी साधनको सुविधा पाउने पदाधिकारी बाहेक ३० (तीस) जनाभन्दा बढी कर्मचारीको दरबन्दी भएका र फिल्ड गइरहनुपर्ने प्रदेश सरकारका निकायमा अतिरिक्त (पुलमा) सवारी अत्यावश्यक भई खरिद गर्नुपरेमा बढीमा ग वर्गमा उल्लेख भएसम्मको अतिरिक्त सवारीको रूपमा एक थान चार पाङ्ग्रे सवारी साधन खरिद गर्न सकिनेछ। यसरी खरिद गरिने सवारी साधन पहाडी कच्ची बाटोमा समेत प्रयोग गर्न मिल्ने ४ डब्लु डि भएको जीप वा पिकअप हुनु पर्नेछ।

(४) सवारी साधनको सुविधा पाउने पदाधिकारी बाहेक अन्य अधिकृत कर्मचारीको हकमा कार्यालयमा अतिरिक्त (पुलमा) सवारी साधन उपलब्ध भएमा कार्यालय प्रमुखले जिम्मेवारी र आवश्यकताको आधारमा सवारी साधन उपलब्ध गराउन सक्नेछ।

(५) सवारी साधन खरिद गर्दा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिनु पर्नेछ।





(६) <u>सवारी साधनको सुविधा पाउने पदाधिकारीको वर्ग:</u> यस निर्देशिका बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई देहाय बमोजिमको वर्ग कायम गरी सवारी साधन उपलब्ध गराइनेछः-

| वर्ग | पदाधिकारी |
|---|---|
| क | मुख्यमन्त्री |
| ख | सभामुख/मन्त्री/प्रमुख सचिव वा सो सरहको सवारी साधनको सुविधा पाउने गरी नियुक्त भएका पदाधिकारी |
| ग | उपसभामुख/राज्यमन्त्री वा सहायक मन्त्री/ विपक्षी दलको नेता/सत्ता पक्षको प्रमुख सचेतक/सभापति, सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतक, प्रदेश सभाको सचिव/ प्रदेश सचिव/ अधिकृत एघारौं तहका कर्मचारी वा सो सरहको सवारी साधनको सुविधा पाउने गरी नियुक्त भएका पदाधिकारी |

५. <u>सवारी साधन सम्बन्धी अन्य व्यवस्था:</u> (१) सवारी साधन खरिद गर्दा वार्षिक बजेटको सीमा भित्र रही खरिद गर्नु पर्नेछ।

(२) सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई प्रचलित कानून तथा प्रदेश सरकारले तोकेको अवस्थामा बाहेक एकभन्दा बढि सवारी साधन उपलब्ध गराइने छैन। प्रदेशका निकायले मौजुदा सवारी साधनको संख्या र प्रयोगको अवस्था सहितको अद्यावधिक विवरण अभिलेख राख्नु पर्नेछ।

(३) कुनै पनि निकायले आवश्यकता एवम् लाभ लागतको विश्लेषण गरी सवारी साधन खरिद गर्न वार्षिक खरिद योजना बनाउनु पर्नेछ। उपलब्ध भएसम्म साविककै सवारी साधनको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(४) सबै निकायले सम्पूर्ण सवारी साधनको अनिवार्य रुपमा पूर्ण बीमा गराउनु पर्नेछ। आफ्नो स्वामित्वमा रहेका सबै सवारी साधनको नियमित सर्भिसिङ्ग/प्रदुषण मापदण्ड चेकजाँच गर्नुपर्नेछ। साथै नियमित रुपमा राजश्व/कर तिरेको र गाडी गुडेको विवरण/लगबुक आफुसँग अनिवार्य रुपमा राख्नुपर्नेछ।

(५) अन्य कुनै निकाय वा तरिकाबाट प्रदेश सरकारको नाममा कुनै सवारी साधन हस्तान्तरण भई आएमा सो सवारी साधन प्रयोगको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशन अनुसार हुनेछ।

(६) मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्ने दायित्व प्रदेश सरकारको सम्बन्धित निकायको हुनेछ। उपयोगमा नआउने बीस वर्ष पुगेका सवारी साधनलाई अनिवार्य रूपमा लिलाम गर्नु पर्नेछ।

(७) सार्वजनिक सवारी साधनको उपयोग र व्यवस्थापन गर्दा सवारी साधन सम्बन्धी नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत मापदण्डहरु अनिवार्य रूपमा पालना गर्नुपर्नेछ। प्रत्येक निकायले विपद्को समयमा, निर्वाचनको समयमा वा अन्य महत्वपुर्ण भैपरी आउने कार्यमा





वा मुख्यमन्त्री कार्यालयबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ।

(८) प्रदेशको सवारी साधन अर्को प्रदेशमा प्रयोग गर्नुपर्ने अवस्थामा कार्यालय प्रमुखलाई जानकारी गराएर मात्र प्रयोग गर्नुपर्नेछ।

६. <u>हस्तान्तरित सवारी साधन सम्बन्धमाः</u> विभिन्न निकायबाट यस प्रदेशमा प्राप्त हुन आएका सवारी साधनहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् प्रदेश स्थित विभिन्न मन्त्रालय एवम् निकायमा हस्तान्तरण भई दाखिला हुन आएकोमा त्यस्ता सवारी साधन जुन निकायमा हस्तान्तरण भई आएको हो सोही निकायले आफ्नो जिन्सी आम्दानीमा नियमानुसार लगत कसी आम्दानी जनाउनु पर्नेछ। साथै सो सवारी साधनलाई आवश्यकता अनुसार मर्मत गरी सञ्चालन गर्नु पर्नेछ।

७. <u>बाधा अड्काउ फुकाउनेः</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा भई बाधा उत्पन्न भएमा निर्देशिकाको आधारभूत विषयमा प्रतिकूल असर नपर्ने गरी आर्थिक मामिला मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले,**
**राजेन्द्र कुमार हमाल**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-